# क्रूसद्वारा स्वतन्त्रताको मार्ग निर्देशिका

लेखक : चार्ल्स आर. सोलोमन एड. डी.

## चक्का चित्र





नोट: Handbook to Happiness and You भाग-१ व्यक्तिगत परामर्श कार्यमा सहायक सामग्रीको रूपमा प्रयोग गर्न संकलित ।

The pages may be out of sequence. Please notify GFI with corrections.

यो पुस्तिका पढ्नुहुँदा हुनसक्छ तपाईं टण्टाहरुको बीच फस्नु भएको छ । ती समस्याहरु समाधान गर्न मानिसहरु असक्षम र परमेश्वर टाढा हुनुभएको तपाईंलाई लाग्न सक्छ । तपाईंका आवश्यकताहरु सही प्रकारले पूरा नभएको अनुभव गर्दै तपाईं हुर्कनुभएको होला । तपाईंले आफूलाई कहिल्यै पनि स्वीकार अथवा प्रेम नगर्नु भएको होला । जीवनका समस्या झेल्दा आफूमा भएको अपर्याप्तताको अनुभवले कसैलाई सामान्य विषाद देखि लिएर आत्महत्या गर्ने विचार आउन सक्छ । यसले गर्दा तपाईंले प्रेम गर्नुहुने व्यक्तिहरुसँग तपाईंको सम्बन्ध बिग्रने अवस्थामा पुगेको होला अथवा मिलाउन नसकिने गरी बिग्रिएको होला । यदि तपाईं सामान्य निराशतामा हुनुहुन्छ भने यो सन्देश तपाईंको निम्ति तयार गरिएको छ ।

परमेश्वरले तपाईंलाई धेरै प्रेम गर्नु भएर एउटा व्यक्ति पठाउनु भयो । उहाँका पुत्र प्रभु येशू ख्रीष्ट जो तपाईंको पापको लागि मर्नुभयो र हाम्रो विजयी प्रशस्त जीवनको लागि चाहिने सबै कुरा व्यवस्था गर्न बौरीउठ्नु भयो । आज तपाईंले येशूको मृत्युलाई आफ्नो पाप क्षमाको लागि परमेश्वरले गर्नु भएको व्यवस्थाको रुपमा स्वीकार अथवा अस्वीकार गर्न सक्नुहुन्छ ।

# रेखा चित्र




हामी यस संसारमा आदमको वंशजमा जन्मिएको कारणले उसको स्वभावमा सहभागी भएका हुन्छौं । यसको अर्थ हाम्रो आत्मा परमेश्वरको लागि मृत र शैतानको लागि जीवित हुन्छ । हामी गलत परिवारमा जन्मेका छौं, किनभने हाम्रो पहिलो जीवन हाम्रो पहिलो पिता आदमबाट आएको हो । यदि हामी एउटा अटूट

साङ्लो को रुपमा पछि फक्यौं भने हामी आदममा जसले पाप गरेको थियो उसैमा पुग्छौं ।यसैले हामी आमाको गर्भ देखि नै पापी भएर जन्मन्छौं । यसकारण हाम्रो स्वभाव नै पापी भएको हुनाले हामी जे गर्छौं त्यो पाप हुन्छ । (रोमी ३:२३) आदममा रहिरहने हरेक व्यक्तिको अन्त्य नरकमा हुन्छ (चित्रमा देख्न सक्नुहुन्छ) (रोमी ६:२३) । हामी असल जीवन जिएता पनि परमेश्वरको घरानामा आत्मिकी पुनर्जन्म नभएसम्म हामी परमेश्वर देखि अलग भएका हुन्छौं ।

तपाईंको आवश्यकता "मुक्ति", (१) चक्का चित्र अनुसार आत्मिक जन्म हो । यसरी मात्र आदमीय जीवनलाई त्यागेर येशू ख्रीष्टको जीवन अर्थात् अनन्त जीवन भित्र प्रवेश गर्न सक्छौं । यस कुरालाई धर्के चित्रमा देखाइएको छ (यूहन्ना ३:३) । आत्मिकी जीवन पाउनको निम्ति गलत जीवनमा भएको कारण पापमा जन्मिएको र आफूले हटाउन नसक्ने गरी पाप गरेको कुरा स्वीकार गर्नुपर्दछ । हामीले येशूलाई आफ्नो जीवनमा स्वीकार गर्नैपर्छ किनकि उहाँ हाम्रो पापको लागि मर्नुभयो । जसले येशू ख्रीष्टको आत्मिकी जीवनलाई विश्वास द्वारा ग्रहण गर्दछन् तिनीहरु आत्मिक रुपमा उहाँसँग एक आत्मा हुन्छन् (१कोर ६:१७) । यदि हामीहरुले परीक्षाहरुमाथि विजय पाई आफ्नो जीवनमा परमेश्वरको शान्तिको अनुभव गरिरहन चाहन्छौं भने मुख्यत: मुक्तिको निश्चयता हुनुपर्दछ ।

निश्चयता (२) परमेश्वरको त्रुटिरहित वचनमा आधारित हुनुपर्दछ, नत्रभने मुक्तिको निश्चयता क्षणिक अनुभव मात्र हुनेछ। धेरै जसो व्यक्तिहरु जसले प्रभु येशू ख्रीष्टलाई व्यक्तिगत रुपमा विश्वास गरेका छन् तर आफूले उद्धार पाएको अनुभव नभएको कारणले गर्दा उनीहरुमा मुक्तिको निश्चयता हुँदैन। संवेगात्मक द्वन्द्वहरु जो बाल्यकालका तीतोपनाबाट बढेर आएका हुन्छन्, अथवा एउटा व्यक्तिका भावनाहरु (संवेगहरु) सत्यसँग मेल खाए झैं देखिन्छन्। यस्ता तथ्यहरु बाइबलमा व्याख्या गरिराखेका हुनसक्छन् यात भौतिक संसारमा विद्यमान हुन्छन्। येशू ख्रीष्ट हाम्रो जीवनको केन्द्रविन्दु भएर हाम्रा संवेगात्मक घाउहरु चङ्गाइ नगरेसम्म हाम्रो अनुभव वास्तविकतसँग टाढै रहेको हुन्छ। नयाँ वा पुरानो ख्रीष्टियनले आफू येशू ख्रीष्टद्वारा एउटा सुरक्षित र परमेश्वरको अनन्त आत्मिकी सम्बन्धमा प्रवेश पाएको कुरा पक्का रुपमा जान्नु पर्दछ। (यूहन्ना५:२४)

अनि मात्र एउटा व्यक्ति उहाँमा भरपर्न र आनन्दित हुनसक्छ। (३) धेरै विश्वासीहरुले ख्रीष्टलाई स्वीकार गरेका भएपनि थोरै मात्र आफू ख्रीष्टद्वारा स्वीकार गरेको तथ्यलाई बुझेर अनुभव गरेका हुन्छन्। धेरैले उहाँद्वारा स्वीकार गरिनलाई मानवीय बुद्धि लगाएर यसलाई कमाउने कोशिस गर्दछन्। (४) तर तिनीहरु

पहिल्यै पूर्णरुपले ख्रीष्टको जीवनद्वारा स्वीकारिएका छन् (एफिसी १:६)। हरेक विश्वासी स्वीकार गरिएको तर धेरैले आफू स्वीकारिएको र विश्वासद्वारा धर्मी ठहरिएको कुरालाई मान्दैनन् (२कोर ५:२१)। थोरै मात्र जसले आफ्नो सम्पूर्ण जीवन ख्रीष्टलाई दिन्छन् वा उहाँको शरणमा पर्दछन्। (५) यो अटल निर्णयमा हामीले परमेश्वरले उहाँको इच्छा अनुसार हाम्रो जीवनमा अथवा हामीद्वारा उहाँ जे चाहनुहुन्छ त्यो काम गर्न मन्जुरी दिएका हुन्छौं। हामीले आफ्नो सारा अधिकारलाई परित्याग गर्दछौं। धेरै पटक परिस्थितिहरुले हाम्रो यस्तो निर्णयलाई चुनौती दिन्छन्, किनभने हाम्रो जीवनलाई उहाँले पूर्णरुपले नियन्त्रण गर्नुहुन हाम्रा बिन्ती–प्रार्थना उहाँले स्वीकार गर्नुहुन्छ। यदि उहाँले हाम्रो जीवनलाई अधिनमा लिनुछ भने हामीले आफ्नो जीवनमा भएको अधिपत्यतालाई गुमाउनुपर्छ। यस्तो गर्नुपर्दा मुस्किलले आनन्द मिल्छ।

हाम्रो जीवनको नियन्त्रण हाम्रो अधिनबाट हटाउन परमेश्वरले विभिन्न अवस्था र व्यक्तिहरुलाई प्रयोग गर्नुहुन्छ जो आफैमा आत्मिकी देखिँदैनन् । कहिलेकाहीँ यी परिस्थितिहरु बिना कारण आइपरे जस्तो देखिन्छन्, तर यी सबैबाट हाम्रो जीवनमा परमेश्वरको इच्छा पूरा हुन्छ (१पत्रुस २:२०–३०, फिलिप्पी १:२३–३०) । कष्टहरु सहनु पर्दा अर्थात् अनुशासन सहँदा आनन्द मनाउनु पर्दछ, किनभने यसले आकाङ्क्षा गरिएको पवित्रता उत्पन्न गराउँछ । परमेश्वरले हामीलाई येशू ख्रीष्टको स्वरुपमा बदल्दै जान चाहनुहुन्छ । यस्तो परिवर्तनमा कष्ट भोग्ने काम समावेश भएको हुन्छ । रोमी ८ :२८ अनुसार सबैकुरा मिलेर हाम्रो भलाइ उत्पन्न गर्दछन् भन्ने कुरा आफैमा युक्ति संगत नदेखिन सक्छन् ।

तपाईं भित्री अन्तरद्वन्द्व चक्काको भित्री भागमा लेखिएको "व्यक्ति" ले स्वयं संचालित (शरीर) जीवनको प्रतिनिधित्व गर्दछ। धेरै जसो ईसाइहरुको जीवनमा तिनीहरुलाई "शरीर" ले संचालन वा हैकम चलाएको उनीहरुले अनुभव गर्दछन्। आफ्नो उद्देश्य पूर्तिको लागि शरीरले सही वा गलत प्रक्रियाले विभिन्न स्वरुप धारण गरेको हुन्छ। शरीर अथवा "म" ले राज्य गरेको व्यक्तिको जीवनमा रुपैयाँ, भौतिकवस्तुहरु, सफलता, शक्ति र यौन आकाङ्क्षा आदि धेरै कुराहरुले मुख्य स्थान ओगटेको हुन्छ। यसरी शरीर भनेको विश्वासीको आफ्नै प्रयास र शक्तिमा बाँच्न खोज्ने ईसाइ जीवन हो। त्यसैकारण ख्रीष्टियनको लागि "शरीर" मूर्ति पूजा जस्तै एउटा गम्भीर समस्या हो। ख्रीष्टले राज्य गर्नुपर्ने स्थानमा अरु कुनै कुरा वा "म" ले स्थान पाउनु मूर्ति पूजा हो। परमेश्वरले सर्वप्रथम शरीरसँग मुकाबिला गर्नु पर्दछ। उहाँले प्रायः स्व–केन्द्रित जीवनको सामना गर्ने असक्षमता प्रकट गरिदिनुहुन्छ। परिस्थिति जटिल भएपछि अन्त्यमा विश्वासीले आफ्नो कमजोर जीवन उहाँलाई दिन्छ र उहाँको जीवन साट्न इच्छुक हुन्छ।

जबसम्म शरीरले अधिनमा राखिरहेको हुन्छ तबसम्म चक्काको चित्रमा देखाइएको झैं व्यक्तित्व "प्राण" संघर्षमा परिरहन्छ । उमेर र दायित्व बढ्दै जाँदा उनीहरु झन् जटिल समस्यामा पर्दै जान्छन् । यदाकदा मनोवैज्ञानिक रुपमा स्वस्थ-समायोजन भएको व्यक्ति जीवनका विभिन्न परिस्थितिहरुसँग घुलमेल हुन सक्छ, तर परिणाम चाहिँ स्वस्थ हुँदैन । "म" ले नियन्त्रित जीवनमा मनोवैज्ञानिक अवस्थाका साथसाथै दोष (वास्तविक र काल्पनिक दुवै) ले विभिन्न स्तरका खिन्नता उत्पन्न गर्दछ । यसकारण खिन्नतालाई पहिले समाधान गर्नुपर्दछ । कतिपय व्यक्तिहरुले यस्ता चोटहरुलाई शारीरिक र मौखिक रुपमा अरुमाथि थुपार्ने कार्य गर्दछन् भने अरुहरुले बदला होइन तर आफैमा दबाएर राख्दछन् । यसै गरी कुनैले आफ्ना समस्याहरु र पीरको दोषी आफैलाई ठानेर रिस र खिन्नतालाई दबाएर र ाख्दछन् । यसले विचार र संवेगमा अथवा दुवैमा असर पार्दछ । भित्र दबाएर राखेको वैमनश्यता वा रिसले संवेगात्मक रुपमा व्यक्तिलाई चिन्ताग्रस्त वा विषाद उत्पन्न गर्न सक्छ । कुनै कुनै व्यक्तिले वास्तविकतालाई इन्कार गर्ने विचार अथवा सिद्धान्त विकास गर्दछन् । यसले तिनीहरुलाई वास्तविक समस्यासँग सामना नगरेर त्यसबाट पछि हट्ने (पलायनवादी) बनाउँदछ । समाधान नगरिएका मनोवैज्ञानिक दुबिधाहरुले चित्रमा देखाए अनुरुप शारीरिक समस्याका लक्षणहरु उत्पन्न गर्दछ । शारीरिक समस्याहरु वास्तविक भएता पनि वास्तवमा यी कुराहरु शरीरले राज्य गरेका गहिरा समस्याहरु हुन् ।

सम्म (यूहन्ना १३:३) ख्रीष्टको अनन्त जीवनमा होइन तर आदमको आत्मिकी रुपले मृत जीवनमा हुन्छौं ।

हामीले चित्रमा हेरेर थाहा पाउन सक्छौं, यदि हाम्रो पुर्खा जसलाई सीधा रेखामा सानो रेखाले प्रतिनिधित्व गरेको कुरा हराएको छ । त्यसरी नै हामीहरु पनि हराउने छौं । मानवीय रुपमा भन्नु पर्दा हाम्रो जीवनको सुरुवात आदममा हुन्छ, यसकारण जेजस्ता कुराहरु उसको जीवनमा घटेका थिए सो हाम्रो जीवनमा पनि घट्नेछन् । जब आदमले पाप गऱ्यो तब हामीले पनि पाप गऱ्यौं । जब उ मऱ्यो (आत्मिक रुपमा) हामी पनि उ सँग सँगै मऱ्यौं । जसरी सन्तानहरु नजन्मदै हजुर बाउ मऱ्यो त्यसरी हामी पनि मऱ्यौं । यसरी आत्मिक मृत्यु भनेको परमेश्वरसँग अलग हुनु हो । हामी सबै आत्मिक रुपमा मृत भएर जन्मन्छौं । हामीहरुको पाप क्षमा हुनुपर्दछ साथै हामीलाई जीवन चाहिन्छ । यी दुवै कुराको व्यवस्था गर्न येशू ख्रीष्ट हाम्रा पापको निम्ति मर्नुभयो र उहाँको पुनरुत्थानको जीवन दिनुभयो । (यूहन्ना १०:१०) यदि तपाईं ख्रीष्टियन हुनुहुन्छ भने यी कुराहरु थाहा पाउनु भएकै होला । यी तल दिइएका कुराहरु तपाईंले अहिले सम्म नजानेको पनि हुन सक्छ विश्वासीको लागि शारीरिक मृत्यु भनेको सांसारिक जीवन र पापको उपस्थिति देखि छुट्कारा पाई स्वर्गीय जीवन र परमेश्वरको उपस्थितिमा पुग्ने मार्ग हो । त्यसै गरी अर्को किसिमको मृत्यु भनेको आदमको पापमय जीवन देखि ख्रीष्टको अनन्त जीवनमा पुग्ने मार्ग हो । मानिस मर्ने र जन्म लिने प्रकृया एउटै समयमा पूरा हुन्छ । आदमको जीवनबाट मर्ने र ख्रीष्टको जीवनमा जन्म लिने काम एकै समयमा पूरा हुन्छ । हामी विश्वास गरी नयाँ जन्म लिए पछि येशू ख्रीष्ट हाम्रो जीवनमा आउनु हुन्छ । त्यति मात्र होइन हामी उहाँको अनन्त जीवनको "भागीदार " पनि भएका हुन्छौं । रोमी ६:३ ले भन्दछ हामीले येशू ख्रीष्टको नाउँमा मात्र होइन तर उहाँको मृत्युमा पनि बप्तिस्मा लिएका हौं । आदमीय र ख्रीष्टियन जीवन दुवैलाई एकै चोटि ओगट्न सक्दैनौं ।

सम्म (यूहन्ना १३:३) ख्रीष्टको अनन्त जीवनमा होइन तर आदमको आत्मिकी रुपले मृत जीवनमा हुन्छौं ।

हामीले चित्रमा हेरेर थाहा पाउन सक्छौं, यदि हाम्रो पुर्खा जसलाई सीधा रेखामा सानो रेखाले प्रतिनिधित्व गरेको कुरा हराएको छ । त्यसरी नै हामीहरु पनि हराउने छौं । मानवीय रुपमा भन्नु पर्दा हाम्रो जीवनको सुरुवात आदममा हुन्छ, यसकारण जेजस्ता कुराहरु उसको जीवनमा घटेका थिए सो हाम्रो जीवनमा पनि घट्नेछन् । जब आदमले पाप गऱ्यो तब हामीले पनि पाप गऱ्यौं । जब उ मऱ्यो (आत्मिक रुपमा) हामी पनि उ सँग सँगै मऱ्यौं । जसरी सन्तानहरु नजन्मदै हजुर बाउ मऱ्यो त्यसरी हामी पनि मऱ्यौं । यसरी आत्मिक मृत्यु भनेको परमेश्वरसँग अलग हुनु हो । हामी सबै आत्मिक रुपमा मृत भएर जन्मन्छौं । हामीहरुको पाप क्षमा हुनुपर्दछ साथै हामीलाई जीवन चाहिन्छ । यी दुवै कुराको व्यवस्था गर्न येशू ख्रीष्ट हाम्रा पापको निम्ति मर्नुभयो र उहाँको पुनरुत्थानको जीवन दिनुभयो । (यूहन्ना १०:१०) यदि तपाईं ख्रीष्टियन हुनुहुन्छ भने यी कुराहरु थाहा पाउनु भएकै होला । यी तल दिइएका कुराहरु तपाईंले अहिले सम्म नजानेको पनि हुन सक्छ विश्वासीको लागि शारीरिक मृत्यु भनेको सांसारिक जीवन र पापको उपस्थिति देखि छुट्कारा पाई स्वर्गीय जीवन र परमेश्वरको उपस्थितिमा पुग्ने मार्ग हो । त्यसै गरी अर्को किसिमको मृत्यु भनेको आदमको पापमय जीवन देखि ख्रीष्टको अनन्त जीवनमा पुग्ने मार्ग हो । मानिस मर्ने र जन्म लिने प्रकृया एउटै समयमा पूरा हुन्छ । आदमको जीवनबाट मर्ने र ख्रीष्टको जीवनमा जन्म लिने काम एकै समयमा पूरा हुन्छ । हामी विश्वास गरी नयाँ जन्म लिए पछि येशू ख्रीष्ट हाम्रो जीवनमा आउनु हुन्छ । त्यति मात्र होइन हामी उहाँको अनन्त जीवनको "भागीदार " पनि भएका हुन्छौं । रोमी ६:३ ले भन्दछ हामीले येशू ख्रीष्टको नाउँमा मात्र होइन तर उहाँको मृत्युमा पनि बप्तिस्मा लिएका हौं । आदमीय र ख्रीष्टियन जीवन दुवैलाई एकै चोटि ओगट्न सक्दैनौं ।

विश्वासद्वारा जब ख्रीष्टलाई ग्रहण गर्दछौं, उहाँको क्रूसको मृत्युले हाम्रा पापको ज्याला भुक्तानी गर्दछ । यो भन्दा पनि गहिरो अर्थ यसले दिन्छ अर्थात् हामी भूत र भविष्यमा फैलिएको नयाँ जीवनमा प्रवेश गरेको रहस्य यसले खोल्दछ । अर्को प्रकारले भन्नु पर्दा हामीहरुको आदमीय खराब इतिहास येशू ख्रीष्टको असल अनन्त इतिहासले साट्दछौं । हामीले नयाँ वंशज अर्थात् "जीवनको रुख" प्राप्त गर्दछौं । ख्रीष्टको जीवनमा सहभागी भएर हामी उहाँको मृत्यु, दफन, पुनरुत्थान, स्वर्ग–गमन र स्वर्गीय स्थानको बसाईंमा सम्मिलित भएका हुन्छौं (रोमी ६:३-४, गलाती २:२०, एफिसी २:६) । नयाँ जन्ममा हामीले उहाँमा भएको त्यो एक मात्र जीवनलाई स्वीकार गर्छौं (१ यूहन्ना ५:११-१२) । व्यक्तिगत विश्वासको आधारमा जबसम्म हामी क्रूसमा ख्रीष्टसँग टाँगिएको अनुभव गर्दैनौं, हामीले आफ्नो

पुरानो सिकेको तरिकाले खीष्टका लागि बाँच्ने कोशिस गरिरहनेछौं । आदममा शुरु भएका हाम्रा ऐतिहासिक संघर्षहरुले हामीलाई लगातार कष्ट र पराजय तुल्याउँदै लैजान्छन् । तर विश्वासद्वारा जब क्रूसमा खीष्टसँग एक भएर उहाँको मृत्यु र पुनरुत्थानको सही अर्थ ग्रहण गर्दछौं तब मात्र साँचो रुपमा हामी जीवनको नयाँ चालमा हिंड्न सक्छौं (रोमी ६:४ ख) । जहाँ पुराना कुराहरु सबै बितिसकेका छन्, हेर सबै नयाँ भएका छन् (२कोर ५:१७) । क्रूसको अनुभव (खीष्टको मृत्यु र पुनरुत्थानलाई वास्तविक अनुभव गर्नु) आत्मा नियमित जीवन भित्र पस्ने मार्ग हो (गलाती ५ :१६) । यो मृत्यु माथि विजयी जीवन हो, अथात् हारबाट विजयी पाएको जीवन हो जसमा एउटा खीष्टियनले कष्ट भोग्नुको अभिप्राय र त्यसका उत्तर के हो सो थाहा हुन्छ । हामी हिंड्ने क्रूसको बाटो र क्रूस आफै एउटा कष्टको बाटो हो, तर एक मात्र बाटो जसले कष्ट माथि विजय पनि दिन्छ । के तपाई विश्वासद्वारा आन्तरिक कष्ट र लगातारको पराजयलाई अन्त्य गर्न थकित हुनुभएको छ ? उहाँसँग भएका सबै थोकहरु उपभोग गर्न के तपाई आफ्ना सबै कुराको लागि मर्न चाहनुहुन्छ ? त्यसो गर्नको लागि तपाईले आफ्नो जीवन खीष्टको जीवनसँग साटेर पवित्र आत्माद्वारा भरिनु वा निर्देशित हुनुपर्दछ । यसो गर्न इन्कार गर्नु शरीरको पछि हिंड्नु र आत्मालाई लगातार रुपमा संघर्ष, कष्ट र पराजयद्वारा दुःखित तुल्याउनु हो ।

## मुक्तिको प्रार्थना:

के तपाईं आफ्नै तरीकाले काम गर्दा आएका कष्टहरुले गर्दा दुःखित हुनुहुन्छ ? यदि तपाईंले इमान्दारिता साथ उहाँको मार्ग रोज्नुहुन्छ भने ख्रीष्टले तपाईंलाई स्वतन्त्र तुल्याउनु हुन्छ । यदि तपाईंले ख्रीष्टलाई मुक्तिदाताको रुपमा कहिल्यै ग्रहण गर्नु भएको छैन भने आत्मिक रुपमा नयाँ जीवन पाउनलाई परमेश्वर कहाँ आफैलाई सुम्पिनु– होस् । तपाईंले इमान्दारिताका साथ यसप्रकार प्रार्थना गर्नु भयो भने तपाईं नयाँ गरी जन्मिन सक्नु हुन्छ "स्वर्गमा हुनुहुने पिता, मैले जाने कि म पापी छु । म अझैं पनि आदमको जीवनमा छु र जानीजानी पाप गरेको छु । म विश्वास गर्दछु तपाईंले आफ्नो एक मात्र पुत्र येशू ख्रीष्टलाई मेरो पापको निम्ति क्रूसमा मर्न पठाउनु भयो । म यो पनि विश्वास गर्छु उहाँ फेरि बौरीउठ्नु भयो र जीवित हुनुहुन्छ । म अहिले नै उहाँलाई व्यक्तिगत मुक्तिदाताको रुपमा मेरो आत्मामा ग्रहण गर्दछु । म जस्तो छु, जे छु र जे हुनेछु त्यही रुपमा तपाईंको शरण पर्दछु । ख्रीष्टमा प्राप्त नयाँ जीवनको बाटोमाहिंड्न म आफ्नो पाप र स्वार्थी मार्गहरुबाट तपाईं तर्फ फर्कन्छु । मलाई उद्धार गर्नु भएकोमा धन्यवाद । आमेन ।"